# श्री भैरव माध्यामिक विद्यालय
## भगवतीमाई गा.पा.-०७, वडाभैरव, दैलेख
## कर्णाली प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति : (२०७८/१२/१८ गते)

१. यस विद्यालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायमा उल्लेखित निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायी वा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको E -bid मार्फत बोलपत्र आह्वान गरिन्छ ।

२. सुचना प्रकाशित भएको मितिले ३० औं दिन (२०७९/०१/१९) भित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण-पत्र, ठेक्का सम्वन्धी अन्य कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न साथ तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई विद्युतिय संचारको माध्ययमवाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई बोलपत्र फाराम Download गरि E-biding द्वारा बोलपत्र दाखिला गर्नुपर्नेछ ।

३. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि निम्नानुसारको धरौटी रकम वापत बोलपत्र साथ कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको जमानीपत्र (विड वण्ड) वा यस विद्यालयको नाममा प्रभु वैक भगवतीमाई शाखामा रहेको खाता नं. १७७००१०१०३०३६२००००२ धरौटी वापतको रकम जम्मा गरेको वैङ्क भौचर Scan copy समेत बोलपत्र साथ पेश गरी E -biding द्वारा दर्ता गर्नु पर्नेछ । थप जानकारीको लागी आवश्यक भएमा कार्यालय समयमा यस विद्यालयको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ । बोलपत्र साथ तल तोकिएको बोलपत्र दस्तुर वापतको रकम यस विद्यालयको प्रभु वैकको शाखामा रहेको खाता नं. १५१०१०३०३६२०००११ मा जम्मा गरेको वैङ्क भौचरको Scan copy समेत वोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको वैङ्क भौचर वा घटीमा सम्झौता म्याद समाप्त हुने मितिले १३ महिना (३९० दिन) म्याद भएको कार्य सम्पादन वैङ्क जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

४. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन (२०७९/०१/२०) दिनको १२.०० वजे भित्र E-biding द्वारा बोलपत्र पेश गर्नु पर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

५. दर्ता भएको बोलपत्र ३१ औं दिनको २.०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. वोलपत्रको दररेट आइटममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

७. संयुक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा बढीमा ३ वटा फर्महरुको एउटा संयुक्त उपक्रम बनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ । तर यस्तो संयुक्त उपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्वन्धी सक्कलै सम्झौता वोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयुक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयुक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाईने छैन ।

८. वोलपत्रदाताले E- Biddding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ । प्रि-विड मिटिङ २०७९/०१/०७ गते तोकिएको छ ।

९. E- Biddding मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुको कार्यालयबाट बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातको सक्कलप्रति (HARD COPY) माग भएमा यस विद्यालयमा पेश गर्नुपर्ने छ ।

१०. वोलपत्र पेश गर्ने निर्माण व्यवसायीले लेटर अफ विड अनिवार्य रुपमा भर्नु पर्ने छ र आफु यो काम गर्न योग्य छु भनि स्वःघोषणा पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

११. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र भगवतमिाई गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७८ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१३. अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टीन्जेन्सी बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BMB/BCW/NCB/01/078/079 | भैरव माध्यामिक विद्यालय पुस्तकालय तथा विज्ञान प्रयोगशाखा भवन निर्माण वडा नं. ०७ | १५४३६२७३.७६ | ३०००.०० | ४८००००.०० |

प्रधानाध्यापक

Scanned with CamScanner

**श्री भैरव माध्यामिक विद्यालय**
**भगवतीमाई गा.पा.-०७, वडाभैरव, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : (२०७८/१२/१८ गते)

१. श्री भैरव माध्यामिक विद्यालय देहायमा उल्लेखित निर्माण कार्यको लागि इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायी वा फर्मबाट रितपूर्वकको विद्युतीय बोलपत्र आह्वान गर्दछ ।

तपसिलः

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टीन्जेन्सी बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BSS/BCW/NCB/01/078/079 | भैरव माध्यामिक विद्यालय पुस्तकालय तथा विज्ञान प्रयोगशाखा भवन निर्माण वडा नं. ०७ | १५४३६२७३.७६ | ३०००.०० | ४८००००.०० |

२. बोलपत्र पेश गर्ने र खोलिने अन्तिम म्यादः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०७९/०१/२० गते | १२:०० बजे | २०७९/०१/२० गते | २:०० बजे | श्री भैरव मा.वि. खोर | १५१०१०३० ३६२०००११ | प्रभू बैंक भगवतीमाई | श्री भैरव मा.वि. कोष खाता | १७७००१०१०३ ०३६२००००० २ | प्रभू बैंक भगवतीमाई |

थप सूचनाको लागि श्री भैरव माध्यामिक विद्यालय भगवतीमाई-०७ मोवाईल नं. ९८६८९१०७९५ सम्पर्क राख्नुहोला । विस्तृत सूचना तथा विवरणको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp हेर्न सक्नुहुनेछ ।

प्रधानाध्यापक

Scanned with CamScanner